आज मिति २०७५ साल चैत्र १३ गतेका दिन लमही नगरपालिका, नगर कार्यपालिकाका प्रमुख श्री कुल बहादुर के.सी. ज्यूको अध्यक्षतामा तपसिलका महानुभावहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| १. | श्री कुल बहादुर के.सी. | नगर प्रमुख |
| २. | श्री देवका बेलबासे | नगर उप-प्रमुख |
| ३. | श्री नमराज पौडेल | अध्यक्ष वडा नं. १ |
| ४. | श्री नेपालु चौधरी | " " " २ |
| ५. | श्री बाबुराम चौधरी | " " " ३ |
| ६. | श्री कुमार न्यौपाने | " " " ४ |
| ७. | श्री बिम बहादुर के.सी. | " " " ५ |
| ८. | श्री गनेशमान चौधरी | " " " ६ |
| ९. | श्री मोहन गिरि | " " " ७ |
| १०. | श्री मेघनारायण चौधरी | " " " ८ |
| ११. | श्री मेघ बहादुर के.सी. | " " " ९ |
| १२. | श्री राधादेवी के.सी. | कार्यपालिका सदस्य |
| १३. | श्री नारायणी लडका | " " |
| १४. | श्री अनिता चौधरी | " " |
| १५. | श्री पार्वती विश्वकर्मा | " " |
| १६. | श्री पुष्पिता कुमारी चौधरी | " " |
| १७. | श्री बम बहादुर विश्वकर्मा | " " |
| १८. | श्री ठगो नेपाली | " " |
| १९. | श्री सेरा कुमाल | |
| २०. | श्री गेहेन्द्र बहादुर डाँगी | सदस्य-सचिव |

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

## २०७५ साल चैत्र १३ गते बसेको लमही नगर कार्यपालिकाको बैठकका निर्णयहरु

**निर्णय नं १.** "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्रको लागि मुकेश चन्द्र के.सी. प्रोपराइटर रहेको रेहन निर्माण सेवाको आवेदन "घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारी, नवीकरण, नामसारी तथा खारेज गर्ने सम्बन्धी कार्यविधि, २०७५ को स्वीकृत मापदण्ड अनुरुप प्राप्त भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २. लमही नगरपालीका, कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ परिमार्जन सहित स्विकृत गर्ने**

**निर्णय नं.** ३. लमही न.पा., वार्ड नं ६ छ खैरी स्थित देउखुरी प्रार्थना मण्डलीलाई निज मण्डलीको भवन निर्माणको लागि आवश्यक सरकारी । ऐलानी जग्गा उपलब्ध गराउने गरी सम्बन्धित वडा समितिवाट निर्णय एवं सिफारिस उपलब्ध भए पश्चात उक्त भवन निर्माणको लागि माननीय श्री मेटमणी चौधरीज्यूको ……… बजेटबाट विनियोजन भई आएको रकमको आधारमा देउखुरी प्रार्थना मण्डली ( भवन ) निर्माण गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं.** ४.प्रस्तावित लमही अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ ( मस्यौदा) आवश्यक दफावार छलफलको लागि लमही नगरकार्यपालीका, विधेयक समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ५. चालु आर्थिक वर्ष ०७५।०७६ मा विनियोजित बजेट तथा कार्यक्रमहरु मध्ये आन्तरिक श्रोततर्फ बाँडफाँड गरीएका कार्यक्रमहरु आन्तरिक राजस्वको उठती दर लक्ष्य अनुरुप प्राप्त हुन कठिनाई हुने देखिएता पनि निर्धारित कार्यक्रमहरु सवै सम्पादन गर्दै जाने भुक्तानी व्यवस्था आन्तरिक श्रोतको कारणले अपुग हुन गएमा तत् । तत् वडा कार्यालयहरुमा आगामी आर्थिक वर्ष ०७६।०७७ मा विनियोजन गरिने बजेटको सिमा भित्र रही भुक्तानी अधुरा योजना तथा कार्यक्रमहरु समायोजन गरी आर्थिक वर्ष ०७६।०७७ बजेटबाट भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.** ६.लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमामा कार्यरत कर्मचारीहरुलाई चालु आर्थिक वर्ष ०७५।०७६ को बार्षिक बजेट तथा कार्यक्रमहरुलाई निर्दिष्ट लक्ष्य प्राप्त गर्न अबको बाँकी कार्य समयावधीमा कर्मचारीहरुको समायोजनको कारणले मौजुदा जनशक्तिमा निकै कमी भै बाँकी कर्मचारीहरुमा कार्य सम्पादन गर्न निकै कार्यबोझ पर्ने देखिएकोल कर्मचारीहरुलाई थप उत्प्रेरित गरी उच्च मनोवल र लगनका साथ कार्यालयको सेवा प्रवाह लाई सरल र सहज बनाई लक्षित उद्देश्यअनुरुप परिणाममुखी बनाउन निजहरुले खाई पाई आएको मासिक तलवको ५० प्रतिशत रकम प्रोत्साहन

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

भत्ताको रुपमा २०७६ साल बैशाख १ गते देखि २०७६ साल अषाढ मसान्तसम्म उपलब्ध गराउने निर्णय गरियो । यसै गरि घर नक्सा अभिलेखीकरण गर्ने प्रयोजनका लागि वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुहरुलाई मुचुल्का गर्ने कार्यमा खटीदा मुचुल्का गरे बाफत प्रति मुचुल्का रु १००। का दरले उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** ७ लमही नगरपालिका वडा नं. ४ निवासी सतिराम चौधरीका छोरा, श्री चित्र बहादुर चौधरी विरामीको कारण अस्वस्थ भई सामान्य हिडडुल गर्न असक्त भएको हुँदा नगर कार्यपालिकाको कार्यालयमा मौज्दात रहेको ह्विल च्येर प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ८.चाुल आर्थिक वष ०७५।०७६ मा विनियोजन भएको होमस्टे ( घरबास ) कार्यक्रम वडा नं. ७ मा संचालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ९. लमही नगरपालीका, बालमैत्री वडा घोषणा गर्न, आवश्यक पूर्वाधार सहितको कार्यक्रम संचालन गर्नको लागि लमही नगरपालिका वडा नं. ७ लाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.** १०.चालु आर्थिक वर्षको योग शिविर संचालन कार्यक्रम पतञ्जली योग पिठ, नेपाल सँग आवश्यक समन्वय गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ११. चालु आर्थिक वर्षको सीप विकास तालीम कार्यक्रम अन्तर्गत रोजगारमुलक डोजर अपरेटिङ तालिम सवै वडाहरुबाट १ । १ जना युवाहरु पर्ने गरी संचालन गर्ने निर्णय गरियो ।

०७६।१२।१६

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङ ५ नं. प्रदेश, नेपाल

निर्णय नं १२ : संस्थागत विद्यालय तथा निजी शैक्षिक संस्थाको अनुमती तथा दर्ता शुल्क देहाय बमोजिम निर्धारण गरी शुल्क लिने र नगर आगामी नगर सभावाट अनुमोदन गराउने निर्णय गरियो ।

## संस्थागत विद्यालय तथा निजी शैक्षिक संस्थाको अनुमति तथा दर्ता शुल्क

| क स | शीर्षक | राजश्व शुल्क रु. |
|---|---|---|
| १ | वडा तथा नगरपालिकाको कार्यालयवाट हुने शिक्षा सम्बन्धी साधारण सिफारिस | १०००। |
| २ | पूर्व प्राथमिक विद्यालय अनुमति | ३,०००। |
| ३ | आधारभूत तह कक्षा १।५ संचालन अनुमति | ५,०००। |
| ४ | आधारभूत तह कक्षा ६।८ संचालिन अनुमति | १०,०००। |
| ५ | माध्यमिक तह कक्षा ९।१० संचालन अनुमति | १५,०००। |
| ६ | माध्यमिक तह कक्षा ११।१२ संचालन अनुमति | २०,०००। |
| ७ | टेक्निकल माध्यमिक तह कक्षा ९।१० संचालन अनुमति | २०,०००। |
| ८ | टेक्निकल माध्यमिक तह कक्षा ११।१२ संचालन अनुमति | ३०,०००। |
| ९ | कोचिंग कक्षा तथा इन्सिच्यूट संचालन अनुमति | २५,०००। |
| १० | विद्यालयको नाम नाम परिवर्तन | सम्बन्धित तहको अनुमति प्राप्त गर्दा लाग्ने शुल्क बराबर |
| ११ | नगरपालिका भित्र एक वडाबाट अर्को वडामा हुने स्थानान्तरण | सम्बन्धित तहको अनुमति प्राप्त गर्दा लाग्ने शुल्कको आधा |
| १२ | अन्यत्रबाट यस नगरपालिका वा यस अनगरपालिकाबाट अन्यत्र स्थानीय तह स्थानान्तरण | सम्बन्धित तहंको अनुमति प्राप्त गर्दा लाग्ने शुल्क बराबर |
| १३ | स्वामित्व हस्तान्तरण | सम्बन्धित तहको अनुमति प्राप्त गर्दा लाग्ने शुल्क बराबर |

२०७१।११।१६

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner